# लिम्चुङबुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर

प्रदेश नं.१, नेपाल

## प्राबिधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

**प्रथप पटक प्रकाशित मिति २०७७/०४/२१**

**श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७७/७८, च.नं.२३ मिति २०७७/०४/१२ को पत्रानुसार यस लिम्चुङबुङ गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।**

**तपशिल**

| क.स. | बिज्ञापन नं. | पद | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१-२०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | एक (१) जना | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :**

**क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तीण भएको**

**ख) अनुभव र सीप :** प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको
- पूवाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्ने सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

**ग) उमेर** : कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. **दरखास्त दिने स्थान :** लिम्चुङबुङ गाउँ कार्यपालिकाको कार्यालय, बाराहा उदयपुर ।

३. **दरखास्त दिने अन्तिम मिति :** २०७७/०५/०३ गते कार्यालय समय भित्र ।

४. **आवेदन दस्तुर : रु.५००। मात्र ।**

५. **छनौट किसिम :** प्रारम्भिक योग्याताक्रमको सूची प्रकाशन, ५० पुर्णाङ्कको् सेवा सम्बन्धी विषय र ५० पुर्णाङ्कको् कम्प्युटर सम्बन्धी विषयको लिखित परिक्षा तथा अर्न्तवार्ता ।

६. **आवेदन साथ संलग्न आवश्यक कागजातहरु :**

**क)** नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपि,

**ख)** न्युनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि,

**ग)** चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

**घ)** अनुभव खुल्ने कागजात,

ङ) हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो। पेश गरिएका सबै प्रतिलिपिहरुको पछाडी उम्मेदवार स्वंयमले हस्ताक्षर गरि प्रमाणित गर्नु पर्नेछ ।

७. **सेवा सुविधा :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्बन्धी प्रक्रियको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. **पदले सम्पादन गर्नुपर्ने कार्यविवरण :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

९. **दरखास्त दस्तुर वापतको रकम यस लिम्चुङबुङ गाउँपालिकाको कार्यालयको नेपाल एसबिआई बैंक लिम्चुङबुङ शाखामा रहेको खाता नं.४३२९५२४१२०७००४(आन्तरिक राजश्व खाता) मा बुझाई सो को सकल रसिद दरखास्त फारम साथ राख्नु पर्नेछ।**

१०. **आवेदन ढाँचा र प्रविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारीका लागि यस लिम्चुङबुङ गाउँ कार्यपालिकाको कार्यालय बाराहा वा रोजगार संयोजकको मो.नं.९८४२८७८५१२ र पालिकाको बेभसाईट www.limchungbungmun.gov.np तथा www.pmep.gov.np बाट समेट प्राप्त गर्न र हेर्न सकिने छ।**

***-प्रमुख प्रशासकिय अधिकृत***